त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

मिति: २०८०।०२।०८

## स्नातकोत्तर (M. Sc.) तहमा रिक्त स्थानमा भर्नाका लागि पुन: आवेदन सम्बन्धी सूचना ।

शैक्षिक वर्ष २०७९।८० मा यस क्याम्पसको स्नातकोत्तर (M. Sc.) तहका केही कार्यक्रमहरुमा भर्ना नभई तथा भर्ना रद्द भई निम्नानुसार स्थान रिक्त रहन गएको तथा भर्ना रद्द गरी थप स्थान रिक्त हुन गएमा ती सबै स्थानहरूमा भर्ना हुन चाहने आवेदकहरूको लागि पुन: आवेदन फाराम भर्न यो सूचना प्रकाशन गरिएको छ ।

- पुन: आवेदनका लागि २०८० जेठ १० गते १०:०० बजेदेखि ३:०० बजेभित्र पुल्चोक क्याम्पसको Web Site: pcampus.edu.np मा उपलब्ध Online आवेदन फाराम भरी बुझाउनु पर्नेछ । फाराम भर्दा प्रति विषय रू ५०० का दरले लाग्नेछ । कुनै विषयको नियमित (Regular) र पुर्णशुल्किय (Full Fee) दुवै कार्यक्रममा भर्ना हुन आवेदन दिएमा सोलाई दुइ विषय मानिनेछ ।
- आवेदकले आफुले राख्ने प्राथमिकता अनुसारको शुल्क सिद्धार्थ बैंक लिमिटेड पाटन ढोका शाखामा रहेको यस क्याम्पसको खातामा पहिले नै जम्मा गरि Online आवेदन फाराम भर्नु पर्ने छ ।
- बैंक भाउचर भर्दा २०७९/१२/०६ मा प्रकाशित सुचनामा संलग्न नमूना अनुसार Deposited by मा आवेदकको पुरा नाम र साल बाहेकको IOE Entrance Exam को Roll No. प्रष्ट सँग लेख्नु पर्नेछ । जस्तै: कुनै आवेदकको IOE Entrance Exam को Roll No. २०७८-१६०२६ भएमा यसै सूचनामा संलग्न नमुना बैंक भाउचरमा जस्तै Roll No. लेख्दा १६०२६ मात्र लेख्नु पर्नेछ।
- **इन्जिनियरिङ अध्ययन संस्थानद्वारा लिइएको स्नातकोत्तर (M. Sc.) तहको प्रवेश परीक्षा २०७९ मा सम्मिलित भई उत्तीर्ण भएकाहरु मध्येबाट निम्न बमोजिम आवेदकहरूले पुन: आवेदन दिन सक्नेछन्:**

क) यस क्याम्पसमा यस भन्दा पहिलेका भर्ना कार्यक्रमहरूमा फाराम भर्न छुट भएकाहरु ।

ख) यस क्याम्पसमा यस भन्दा पहिलेका भर्ना कार्यक्रमहरूमा फाराम भरी नाम प्रकाशित नभएकाहरु ।

ग) कुनै पनि सूचिमा नाम प्रकाशित भइ भर्ना हुन छुट भएकाहरू ।

घ) कक्षा सुरु भएको एक हप्ता सम्ममा भर्ना रद्द गरेकाहरू ।

ङ) कक्षा सुरु भइसकेको हुँदा, इ. अ. सं. का आङ्गिक क्याम्पसका कुनै पनि कार्यक्रममा भर्ना नभएकाहरू ।

- **हाल रिक्त सिट संख्या**

| SN. | Program | Vacant Seats | |
|---|---|---|---|
| | | Open | Female |
| 1. | Computer System and Knowledge Engineering Full Fee(4) | 1 | - |
| 2. | Power Electronics and Drives Engineering Regular(9) | 1 | - |
| 3. | Disaster Risk Management Full Fee(22) | 1 | 1 |
| 4. | Mechanical Systems Design and Engineering Full Fee(34) | 1 | - |
| 5. | Material Science and Engineering Full Fee(36) | 5 | 1 |
| 6. | Climate Change and Development Full Fee(38) | 1 | - |
| 7. | Architecture Full Fee(48) | 1 | - |
| | Total | 11 | 2 |

हाल सम्म उपरोक्त बमोजिम स्थान रिक्त भएतापनि सूची प्रकाशन पूर्व कुनै भर्ना रद्द भई थप स्थान रिक्त रहन गएमा सो रिक्त स्थान समेत संलग्न गरी सूची प्रकाशन गरिनेछ ।

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

- भर्ना भइसकेका आवेदकहरुले भर्ना रद्द गरेको खण्डमा निज भर्ना भएको कार्यक्रममा स्थान रिक्त हुन आउन सक्नेछ । तसर्थ आफूलाई इच्छा लागेका सबै कार्यक्रमहरुमा प्राथमिकता राख्न सूचित गरिन्छ ।
- कुनै कार्यक्रमको नियमित तर्फको रिक्त रहेको स्थानमा भर्ना सूची प्रकाशन गर्दा सोही कार्यक्रममा पूर्णशुल्किय तर्फ भर्ना भईसकेका विद्यार्थीको योग्यताक्रम भन्दा कम मात्र योग्यताक्रम भएका आवेदकहरूको आवेदन परेको खण्डमा भर्ना भईसकेका पूर्णशुल्किय तर्फका विद्यार्थीलाई नियमित तर्फ स्थानान्तरण गर्ने गरी पूर्णशुल्किय कार्यक्रमका लागी भर्ना सूची प्रकाशन गरिनेछ र भर्ना सूची अनुसारका आवेदक पूर्णशुल्किय कार्यक्रममा भर्ना भईसकेको खण्डमा मात्र यस अघि भर्ना भइसकेको विद्यार्थीलाई नियमित तर्फ स्थानान्तरण गरिनेछ ।
- उपरोक्त आवेदकहरूले दिएको आवेदनको आधारमा प्रवेश परीक्षाको योग्यताक्रमानुसार निम्न भर्ना कार्यक्रम अनुसारका भर्ना सूची तथा वैकल्पिक सूची प्रकाशन गरिनेछ । भर्ना सुचीमा भएका आवेदकहरूले भर्ना नगरी स्थान रिक्त रहन गएमा वैकल्पिक सूची अनुसार क्रमशः भर्ना गरिनेछ ।

## स्नातकोत्तर (M. Sc.) तहको पुनः आवेदनको भर्ना कार्यक्रम

| सि. नं. | कार्यक्रम | मिति र समय |
|---|---|---|
| १. | आवेदन फाराम भर्ने | : २०८०/०२/१० गते बिहान १०:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म। |
| २. | अन्तिम भर्ना सूची तथा वैकल्पिक सुची प्रकाशन | : २०८०/०२/११ गते बिहान १०:०० बजे । |
| ३. | अन्तिम भर्ना सूची तथा वैकल्पिक सुची उपर दाबि विरोध | : २०८०/०२/११ गते बिहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म । |
| ४. | संशोधित अन्तिम भर्ना सूची तथा वैकल्पिक सुची प्रकाशन | : २०८०/०२/११ गते साँझ ६:०० बजे । |
| ५. | अन्तिम सूचीको भर्ना | : २०८०/०२/१२ गते बिहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म । |
| ६. | वैकल्पिक सूचीको भर्ना | : २०८०/०२/१४ गते बिहान १०:०० बजे देखि मध्यान्ह १२:०० बजेसम्म । |

**द्रष्टव्य :**

- **उपरोक्त कार्यकमहरुका दिन सार्वजनिक विदा वा आकष्मिक विदा परेमा समेत भर्ना समितिको कार्यालय खुला रहने तथा सम्पूर्ण भर्ना कार्यकमहरु यथावत रहने  ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।**

भर्ना समिति २०७९
पुल्चोक क्याम्पस